सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या : २०८०/०८१

चलानी नं. :-

**विषय : कृषि विकास कार्यक्रमको लागि प्रस्ताव आव्हानको सूचना ।**

सूचना प्रकाशित मिति : २०८०/११/१० गते

उपरोक्त सम्वन्धमा सिद्धलेक गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय कृषि विकास शाखा को आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ७५% लागत साझेदारीमा सञ्चालन हुने सिंचाई पोखरी निर्माण कार्यक्रममा सहभागी हुन सिद्धलेक गाउँपालिका भित्र दर्ता भएको ईच्छुक कृषक समूहले यो सूचना प्रकाशित मितिले १५ दिन (मिति : २०८०/११/२४ गतेभित्र साथै सार्वजनिक बिदा परेमा सार्वजनिक बिदा पछि कार्यालय खुलेको दिनको कार्यालय समय) भित्र सम्वन्धित वडा कार्यालयमा प्रस्ताव सहितको निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । साथै रित नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशील

| सि.नं. | कार्यक्रमको नाम | साझेदार संस्था | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १. | सिंचाई पोखरी निर्माण कार्यक्रम | कृषक समूह | ५,२५,०००।- | |

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

(१) रु. १० को हुलाक टिकट टाँस गरी प्रस्ताव सहितको निवेदन माग फारम

(२) सम्वन्धित निकायमा कृषि समूहको दर्ता प्रमाण पत्र तथा नविकरण पछिल्लो समयको तिरेको करचुक्ता, स्थायी लेखा नम्वर (प्यान) प्रमाणपत्र र समुहले योजना माग गरेको सम्वन्धमा कार्यसमितिको निर्णय प्रतिलिपी ।

(३) नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(४) कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) को स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तिमा ५ वर्षको करारनामा पत्र ।

विस्तृत जानकारीको लागि सिद्धलेक गाउँपालिका कृषि विकास शाखामा सम्पर्क गर्न हुन ।

सम्पर्क व्यक्ति - श्री कोमल प्रशाद जोशी - ९८६४३००१०१

२०८०/११/१०

डा. चन्द्र वली

नि. प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

सूचना प्रविधि शाखा - वेभसाईटमा अपलोड गरिदिनु हुन ।

Scanned with CamScanner